# आगलागी,तातो हावा(लू) तथा डढेलो पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१

# Fire Preparedness and Response Plan 2081

जिल्ला विपद् व्यवस्थापन समिति, बाँके

दस्तावेजः **आगलागी, तातो हावा (लू)तथा वन डढेलो पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८१**
**District Fire preparedness and Response Plan,2081, Banke**


प्रकाशकः जिल्ला विपद् व्यवस्थापन समिति, बाँके

प्रकाशन मितिः २०८१



सर्वाधिकारः ©प्रकाशकमा



सल्लाहकारः श्री धर्मराज जोशी , प्रमुख जिल्ला अधिकारी, बाँके
श्री उमाकान्त अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, बाँके ।
श्री खडानन्द खत्री, सहायक प्रमुख जिल्ला अधिकारी, बाँके ।

सहजीकरणः श्री रुपन ज्ञवाली - जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र(**DEOC**) फोकल पर्सन

फोन नं. जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (**DEOC**) :०८१ ५३५१११
इमेलः deocbanke@gmail.com


जिल्ला विपद् व्यवस्थापन समिति, बाँकेको मितिः २०८१ चैत्र २९ गतेको बैठकबाट स्वीकृत
आगलागी, तातो हावा (लू) तथा वन डढेलो पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ बाँके

## १:पृष्ठभुमि

बाँके जिल्ला विशेष गरी बाढी, आगलागी, चट्याङ, हावाहुरी, तातो हावा -लू),वन डढेलो र महामारीजस्ता विपद् बाट बढी प्रभावित भइरहने जिल्ला हो भने यसका साथै खुख्खा खडेरी, फौजी किराको प्रकोप, डुबान, सडक दुर्घटना यस जिल्लाका प्रमुख समस्या छन्। यी बिभिन्न प्रकोप मध्ये बाँकेमा आगलागी, चट्याङ, हावाहुरी, तातो हावा (लू) एक मुख्य प्रकोप भएकोले यसको पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ।

आगलागी, तातो हावा (लू) तथा वन डढेलोको प्रकोपको असर कम गर्नका लागि सरोकारवाला निकायको परिचालन गरी जिल्ला विपद् व्यवस्थापन समितिले समयमा सर्तकता अपनाउने गरी योजनामा समावेश गरेको छ। यस समयमा आवश्यकता अनुसार स्थानीय तह, डिविजन बन कार्यालय, सामुदायिक बन उपभोक्ता समिति, निजि क्षेत्रको भुमिका बढी हुने गरेको छ। जिल्ला विपद् व्यवस्थापन समितिले गर्मी मौसममा विशेष गरी वालवालिका, जेष्ठ नागरिक, विपन्न परिवार बढी प्रभावित हुने भएकाले योजना निर्माणमा संकटासन्न वर्गका लागि विशेष प्राथमिकता दिने गरी योजना निर्माणको प्रयास गरेको छ। विशेष गरी आगलागीका घटनाहरुको न्यूनिकरणका लागि जिल्लामा रहेका दमकल तथा आगलागी नियन्त्रणका स्रोत साधनलाई चूस्तदुरुस्त तथा प्रभावकारी बनाउन अन्तरपालिका, समन्वयलाई समेत जोड दिने गरि कार्य गरिरहेको छ। साधन र स्रोतको कमी हुँदाहुँदै पनि यस जिल्लामा भइरहने विपद्का घटना र त्यसबाट हुने तत्कालीन क्षतिलाई कम गर्न योजनाबद्ध रूपमा कार्य गर्नका लागि बिभिन्न किसिमका योजना तथा निर्देशिका समेत तयार भएको र जिल्ला स्थित बिभिन्न सरोकारवाला निकाय, नागरिक समाज, विपद् पीडित समुदायसँग नजिक रहेर केन्द्र सरकारसँग प्रभावकारी समन्वय गर्नका लागि नेपाल सरकार गृह मन्त्रालयको सहयोगमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) को स्थापना भई क्रियासिल रहेको छ।

बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्का कारण वर्षेनी ठुलो मात्रमा धनजनको क्षति हुने गरेको छ। प्राय चैत्र, वैशाख, जेष्ठ र असारको समयमा अत्याधिक गर्मी भएको पाइन्छ भने मध्य पहाडी भु-भाग पनि यसबाट अछुतो छैन। सोही कारण बिहानको समयमा केहि कम तापक्रम रहेता पनि दिउँसोको समयमा तापक्रम उच्च हुदैं जान्छ। यस समयमा अधिकतम तापकम ४५ डिग्री वा सो भन्दा बढी मापन गरिएको छ। गर्मी समयमा हावाको तापक्रममा बृद्धि हुने तथा तातो हावा (लू) चल्ने हुदाँ कतिपय मानिसहरुले यसैका कारण ज्यान गुमाउनु परेको छ।

विगतका तथ्याङ्कलाई हेर्दा फाल्गुन देखि जेष्ठसम्मको अवधि आगलागीका घटनाहरु बढी हुने गरेको पाइन्छ। लापरवाहीले क्षण भरमा हाम्रो घर, धन सम्पति, वनजंगल तथा अन्न पातहरु जलेर नस्ट हुन् सक्छन्। प्रत्येक वर्ष हाम्रो देशमा प्रशस्तै आगलागी तथा वन डढेलो भै ठुलो मात्रामा धनजनको क्षति भईरहेको तथ्याङ्कले देखाउछ।

आगलागी नियन्त्रणका लागी सबै सरोकारवाल निकाय,सरकारी, गैरसरकारी संघ संस्थाहरु तथा नागरिक समाज लगायतको संयूक्त सकारात्मक पहल भईरहेको छ तथापी नीतिगत, कानूनी, संरचनागत, कार्यक्रम र अनुगमनको कमि कमजोरीका कारण प्रभावकारी ढंगले आगलागी नियन्त्रण हुन सकिरहेको छैन। आगलागी जन्य विपद् व्यवस्थापनको पूर्वतयारीको कमि र आगलागी पश्चात समुदाय तथा वस्तीमा पर्ने जोखिमलाइ न्यूनीकरण गर्न जिल्ला विपद् व्यवस्थाप समितिले विगतका वर्षहरुदेखि योजना बनाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ।

## २: बाँके जिल्लाको समष्टिगत वस्तुस्थिति

बाँके जिल्लाको क्षेत्रफल २,३३७ वर्ग कि.मी. (२,२५,८३६हे.) औसत लम्बाई ८४ कि.मी., २७*५१' उत्तरदेखि २८*२०' उत्तरी अक्षांशसम्म र ८१*२९' पूर्वदेखि ८२*८' पूर्वी देशान्तरसम्म फैलिएको यस जिल्लाको सिमाना पूर्वमा दाङ्ग जिल्ला, पश्चिममा बर्दिया जिल्ला, उत्तरमा बर्दिया, सल्यान र दाङ जिल्ला अवस्थित छन् भने दक्षिणमा भारतको श्रावस्ती र बहराइच जिल्ला रहेको छ।

### २:१ जलवायु र हावापानी

- औषत अधिकतम तापक्रमः४६* सेल्सीयस
- औषत न्यूनतम तापक्रमः४.२* सेल्सीयस
- औषत वार्षिक वर्षाः१९१२ मि.लि.
- हावापानीः उष्ण देखि सामशितोष्णसम्म

### २:२ बाँके जिल्लाको स्थानीय तह अनुसार जनगणना विवरण

राष्ट्रिय जनगणना २०७८ अनसार बाँके जिल्लाको स्थानीय तह अनुसार प्रारम्भिक बिवरण

| जिल्ला /स्थानीय तह | जनगणना घर संख्या | परिवार संख्या | प्रारम्भिक जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| बैजनाथ गाउँपालिका | १५४३९ | १६७६५ | ७०३१५ | ३२७३९ | ३७५७६ |
| डुडुवा गाउँपलिका | ६१५२ | ८११२ | ४३०३९ | २१७९८ | २१२४१ |
| जानकी गाउँपालिका | ७२६३ | ९७२४ | ४६५३६ | २३३८६ | २३१५० |
| खजुरा गाउँपालिका | १२२१३ | १३८८५ | ६३७४९ | ३०२८४ | ३३४६५ |
| काहोल्पुर नगरपालिका | २१२५१ | २४३४६ | १००२८९ | ४६३२४ | ५१९६५ |
| नरैनापुर गाउँपलिका | ६९४१ | ८६८० | ४३६९८ | २१७२२ | २१८७६ |
| नेपालगञ्ज उपनपा | २६४९१ | ३५५१७ | १६६२५८ | ८३३११ | ८२९४७ |
| राप्ती सोनारी गाउँपालिका | १४३८० | १५४९१ | ६७७८२ | ३२०१५ | ३५७६७ |

## ३: योजना निर्माणको उद्देश्य

- आगलागी, तातो हावा (लू) तथा वन डढेलोबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्दै सिमित श्रोत र साधनको अधिकतम उपयोग गर्ने
- स्थानीय विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने पूर्व तयारी तथा प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउने,
- विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुनका लागी पद्धती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने,
- विपद् प्रतिकार्यका लागी प्रभावकारी प्रवेश, परिचालन, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुको प्रयोग सुनिश्चित गर्ने
- प्रचारप्रसार मार्फत आगलागी, तातो हावा (लू) तथा वन डढेलो को परिभाषा यसको रोकथाम र नियन्त्रणका उपायबारे जानकारी दिने,
- आगलागी, तातो हावा (लू) तथा वन डढेलोबाट क्षति, प्रभाव र नियन्त्रणका उपायहरु लक्षित वर्गसम्म पुयाउने,

- आगलागी, तातो हावा (लू) तथा वन डढेलो नियन्त्रणका लागी सरोकारवाला निकायहरु विच समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा आगलागी र वन डढेलो नियन्त्रण गर्ने ।

## ४: आगलागी, तातो हावा (लू) तथा वन डढेलोबाट प्रभावित हुनसक्ने क्षेत्रहरु:

बाँके जिल्लाका सबै स्थानीय तहहरु आगलागी, तातो हावा (लू) तथा वन डढेलोबाट बाट प्रभावित हुन सक्ने देखिन्छ तथापी नेपालगँज उपमहानगरपालिका र कोहलपुर नगरपालिका क्षेत्रहरुको बजार क्षेत्र भएकाले विद्युतिय आगलागीको घटना बढी हुने गरेको छ। वन जंगल तथा हरियाली कम भएकाले लू को जोखिम पनि बढी हुने गरेको छ। नरैनापुर, डुडुवा, जानकी गाँउपालिको बस्तीहरुमा जनचेतना तथा विपन्न घरपरिवार र तिनका घरहरुको बनोटका कारण आगलागीको जोखिम उच्च छ। राप्तीसोनारी र बैजनाथ गाँउपालिका क्षेत्रमा घरायसी आगलागी तथा बनजंगलको क्षेत्र बढी भएकाले वन डढेलोका घटनाहरु पनि बढी हुने गरेको छ। नेपालगंज देशको बढी गर्मी हुने शहरको रुपमा चिन्ने गरिन्छ।स्थानीय तह हरुका व्यवस्थित वस्ती तथा चेतनाको स्तर उच्च भएका क्षेत्रहरुमा यसको प्रभाव कम हुनसक्दछ नेपालगँज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, बैजनाथ गाउँपालिका, राप्तीसोनारी गाउँपालिका, जानकी गाउँपालिका, डुडुवा गाउँपालिका र नरैनापुर गाउँपालिकाहरु क्रमसः न्यून प्रभावित रहेका छन्। केन्द्रिय तथ्याङ्क विभाग अनुसार बाँके जिल्लामा गरिवीको दर २६.३५ प्रतिशत रहेको छ। आकडा अनुसार गरिवीको विषमता ६.६३ प्रतिशत र गरिवीको गहनता २.४ प्रतिशत रहेको छ। यसवाट पनि आगलागी तथा लू बाट गरिव समुदायका व्यक्तिहरु बढी प्रभावित हुने देखिन्छ। यी सवैलाई आधारमानी प्रभावित हुनसक्ने परिवार सख्या ५ हजारको हाराहारीमा आकलन गरिएको छ। यसबाट आगलागीका घटनाबाट १ सय परिवार, डडेलोवाट ५ हजार हेक्टर बन जंगल तथा ५ सय हेक्टर कृषि क्षेत्र प्रभावित हुने सक्ने आँकलन गरिएको छ। साथै लू को प्रकोपवाट प्रत्यक्ष अप्रत्यक्ष सवै प्रभावित हुने भए पनि दैनिक ज्यालादारी गर्ने, सडकमा काम गर्नेहरु नै बढि प्रभावित हुने देखिन्छ ।

### ४:१ आगलागी, तातो हावा (लू) तथा वन डढेलोबाट प्रभावित हुनसक्ने समूह

| | |
|---|---|
| जेष्ठ नागरिक ८० वर्ष भन्दा माथि | श्वास प्रश्वास जन्य रोग, नसा सम्बन्धि, लूबाट मृत्यु हुन सक्ने, आर्थिक क्षति |
| बालबालिका ५ वर्ष भन्दा मुनि | लू, आउँ, झाडापखाला, लू बाट हुने रोग, मृत्यु, विद्यालय शिक्षाबाट बन्चित, कुपोषण, हिडडुलमा समस्या |
| अपाङ्गता भएका व्यक्ति | लू, आँउ, झाडापखालाबाट हुने रोग, मृत्यु, विद्यालय शिक्षाबाट वान्चित, कुपोषण, हिडडुलमा समस्या |
| गर्भवती महिला | जलवियोजन, आँउ, झाडापखाला,पोषणजन्य खानाको अभाव, चिसोले बेहोस हुने, शरिर दुख्ने |
| सुत्केरी | चिसो जन्य रोग, सरसफाईमा समस्या |
| दिर्घरोगी | उपचारमा समस्या, रोग जटिलता हुने, मृत्यु हुन सक्ने |
| सडक मानव | विरामी तथा लूबाट मृत्यु हुने |
| गरिब तथा विपन्न | जलवियोजन, आँउ, झाडापखाला, पोषणजन्य खानाको अभाव,लूवाट मृत्यु हुने |
| ज्यालादारी मजदुर | काम गुम्ने सम्भावना, लूबाट विरामी, मृत्यु पनि हुने |
| विद्यालय जाने उमेरका बालबालिका | विद्यालय बन्द हुनाले पढाई प्रभावित हुने |

## ५: आगलागीबाट विगतमा प्रभावितहरुको विवरण

| क्र.सं. | आर्थिक वर्ष | प्रभावित घरधुरी र जनसंख्या | | | | | मानवीय क्षति | |
|---|---|---|---|---|---|---|---|---|
| | | घरधुरी | महिला | पुरूष | बालवालिका | जम्मा | मृत्यु | घाईते |
| १ | २०६४/०६५ | १५७ | ३०९ | ३१९ | ४७१ | १०९९ | ० | ० |
| २ | २०६५/०६६ | १६२ | ३५२ | ३५९ | २६३ | ९७४ | ० | ० |
| ३ | २०६६/०६७ | २६४ | ५९० | ५९८ | ३९६ | १५८४ | १ | १ |
| ४ | २०६७/०६८ | १९५ | ४१९ | ४१० | ३४९ | ११७८ | ० | ० |
| ५ | २०६८/०६९ | ५७६ | ८८५ | ८८९ | १२६७ | ३०४१ | २ | ९ |
| ६ | २०६९/०७० | १२६ | १९२ | १९१ | ३३० | ७१३ | ० | २८ |
| ७ | २०७०/०७१ | १८१ | ३५२ | ३६८ | ४४३ | ११६३ | ० | ० |
| ८ | २०७१/०७२ | ६५ | १६८ | १५७ | ७२ | ३९७ | ० | ० |
| ९ | २०७२/०७३ | ५४ | १३५ | १२५ | १०२ | ३६२ | ० | २ |
| १० | २०७३/०७४ | १८५ | ३१२ | २९६ | ३६२ | ९७० | ० | ५ |
| ११ | २०७४/०७५ | १२६ | ३४० | ४४४ | १०२ | ८८६ | २ | १० |
| १२ | २०७६/२०७७ | ७८ | १४९ | १५२ | १६७ | ४६८ | ० | १ |
| १३ | २०७७/२०७८ | १०५ | २५१ | २४५ | १२० | ६१५ | ० | ० |
| १४ | २०७८/२०७९ | ८४ | २५० | २१० | १९० | ६५० | १ | १ |
| १५ | २०७९/२०८० | १०१ | २६० | २४५ | २०५ | ७१० | १ | १ |
| १६ | २०८०/२०८१ | ११४ | २८५ | २२० | २१० | ७१५ | ० | ० |

**स्रोत:DEOC रेडक्रस बाँके**

## ६: आगलागीको पूर्वतयारी तथा प्रतिकार्य योजना

| क्र.सं. | रणनीतिक गतिविधि | जिम्मेवारी | समय |
|---|---|---|---|
| १ | स्थानीयतहले अग्नि नियन्त्रण कार्यदल ,प्राथमिक उपचार गर्ने स्वयमसेवक तयार पार्ने | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ, फागुन |
| २ | राहत सामाग्रीको सूची तयार गर्ने र विषयगत क्षेत्रको क्षमताको पहिचान गर्ने | स्थानीय तह, | माघ, फागुन |
| ३ | सम्भावित जोखिम मुल्याङ्कन र पूर्वानुमान जोखिमयुक्त स्थानको पहिचान गर्ने | स्थानीय तह, संघसंस्था | माघ, फागुन |
| ४ | प्रतिकार्य गर्नका लागि आगलागी तथा डडेलो नियन्त्रणका आवश्यक सामाग्रीहरुको व्यवस्था मिलाउने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, संघसंस्था | माघ, फागुन |
| ५ | दमकलको सम्पर्क सूची तयार गर्ने तथा दमकल सेवालाई प्रभावकारी बनाउने | स्थानीय तह, DEOC, विद्यालय, संघसंस्था | नियमित |
| ६ | विपद्कोषको व्यवस्था मिलाउने | स्थानीय तह,DDMC | नियमित |
| ७ | आगलागी नियन्त्रणकालागि जनचेतना अभियान संचालन गर्ने | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ,फागुन,चैत्र,बैशाख |

| क्र.सं. | रणनीतिक गतिविधि | जिम्मेवारी | समय |
|---|---|---|---|
| ८ | हरेक कार्यालय,पसल, घरहरुमा फायर स्ट्रेग्रसर जडान कार्यका लागि पहल गर्ने | स्थानीय तह, जिल्ला प्रशासन, संघसंस्था,उद्योग बाणिज्य संघ | नियमित |
| ९ | अति प्रज्वलनशील ग्यौंस डिपो तथा डिलरहरुमा फायर हाइड्रेन्टको व्यवस्था मिलाउने तथा सम्बन्धित सरोकारवाला निकायबाट समय समयमा अनुगमन गर्ने व्यवस्था मिलाउने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति,सूरक्षा निकाय, उद्योग बाणिज्य संघ | नियमित |
| १० | घरमा सर्ट सर्किटको कारणबाट हुने आगलागीबाट बचाउन इलेक्ट्रीसियनहरुलाई तालीम दिने | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ,फागुन, चैत्र,बैशाख |
| ११ | घरायशी आगलागी नियन्त्रण सम्वन्धी तालीम संचालन गर्ने | स्थानीय तह, विद्यालय, संघसंस्था | नियमित |
| १२ | स्थानीय पाठ्यक्रममा आगलागी सम्बन्धी पाठ्यक्रम समावेश गर्ने । | स्थानीय तह, विद्यालय, संघसंस्था | हरेक शैक्षिक बर्ष |
| १३ | स्कूलमा आगलागी सम्बन्धी कृत्रिम घटना अभ्यास गराई, आवश्यक पूर्वतयारी सामाग्रीको व्यवस्था गर्ने । | स्थानीय तह, विद्यालय, संघसंस्था | नियमित |
| १४ | खानेपानी संस्थानसंग समन्वय गरी उचित स्थानमा पानी भर्नका लागि फायर हाइडेटको जडान गर्ने । | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ,फागुन, चैत्र,बैशाख |
| १५ | अन्तरपालिका समन्वयका लागि संयन्त्र निर्माणगरी कार्ययोजना बनाउने । | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ,फागुन |
| १६ | अग्नि नियन्त्रण, प्राथमिक उपचार, खोज तथा उद्धार तालिमहरु प्रदानहरु प्रदान गर्ने र सो तालिमलाई पुर्नताजकीकरण गर्ने | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ,फागुन, चैत्र,बैशाख |
| १७ | स्थानीय स्तरमा भएका स्वयंसेवकलाई 'स्वयंसेवक परिचालन निर्देशिका ' अनुसार परिचालन, व्यवस्थापन, समन्वय र तालिम दिने । | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ,फागुन |
| १८ | मनोपरामर्शदाताको व्यवस्था मिलाउने | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ,फागुन |

| क्र.सं. | रणनीतिक गतिविधि | जिम्मेवारी | समय |
|---|---|---|---|
| १९ | बीमा कार्यविधि अनुरुप कोषको व्यवस्था गरी समुदाय भित्रका घरको बीमाको व्यवस्था मिलाउने । | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ,फागुन |
| २० | संकटासन्न समुदायको सूची तयार पार्ने तथा राहत वितरणमा प्राथमिकता दिने | स्थानीय तह, विद्यालय, संघसंस्था | माघ,फा गुन |

## ७: आगलागी नियन्त्रणका लागि सावधानी अपाउने उपायहरु

- हावाहुरी चलेको समयमा आगो नबाल्ने
- बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने
- अत्याधिक गर्मीको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागी व्यवस्था मिलाउने
- गर्मीका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा सम्पर्क गरी औपधी उपचार गर्ने व्यवस्था मिलाउने।
- बालबालिकाले भेट्न सक्ने ठाउँमा सलाई, लाइटर जस्ता सामग्री नराख्ने
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अबधि भरि भान्सा नछाड्ने
- यथासम्भब ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राख्ने
- सिलिण्डरको पाइप, सिलिन्डर समय-समयमा जाँच गर्ने, कुनै खराबी बा टुटफुट भएमा, तुरुन्त मर्मत गर्ने
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्ने
- घरमा भएका विद्युत उपकरणहरू सही अवस्थामा छ,छैन नियमित जाँच गर्ने, नाङो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्ने।
- एक्सटेन्सन कर्डमा धेरै बिद्युत खपत गर्ने आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर तथा अन्य धेरै उपकरण जोडेर एकैचोटि प्रयोग नगर्ने
- २ पिन स्बिचको बदलामा सिधै नाङ्गो तार सकेटमा पसाएर बिद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्ने।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरू सकेटबाट निकालेर अलग राख्ने ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण बिद्युतीय उपकरणहरू बन्द गरेर मात्र जाने। यसले आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुर्याउछ ।
- हावा चलेको अबस्थामा खुला स्थानमा आगो नवाल्ने, बारी, बाटोमा बालिएको आगो पूर्ण रूपमा निभेको निक्यौल गर्ने।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस्। यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्ने
- जथाभाबी चुरोटका ठूटा नफाल्ने ।
- आफ्नो मोबाइलमा वा घरको टेलिफोन सम्पर्क सूचीमा दमकलको सम्पर्क नम्वर राख्नुहोस ।
- घरमा रहेका पानीका टैँयाङ्की पूर्ण रूपमा रित्तो हुज्जेल प्रयोग नगर्ने, आकस्मिक अवस्थाको लागी केही मात्रामा पानी जोहो गरेर राख्ने।

- घरमा फायर ब्लक्केट,फायर एक्स्टिनगुसर राख्ने।
- कोठामा सिठी, टर्चलाइट सदैब तैयारी अवस्थामा राख्ने ।
- कुनै आगलागीको घटना देखिएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्ने र नियन्त्रणमा सहयोगका लागी आग्रह गर्ने।
- आगोको आकारमा विचार पुर्याउने, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भाबना नभएमा तत्काल बारुण यन्त्रलाई खबर गर्ने ।
- बिद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्ने ।
- बिद्युतीय बाहेक अन्य सामान्य सानो आगलागी भएमा पानीको सहायताले निभाउने प्रयास गर्ने
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्ने ।

## ८. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना

वन जंगलमा अनियन्त्रित रुपमा लाग्ने आगो नै वन डढेलो हो र आगो आफैमा असल नोकर र खराब मालिक पनि हो । वन वन डढेलोको प्रयोग स्थानीय स्तरमा कृषि पेशा र वन व्यवस्थापनको लागि समेत हुँदै आएको भए तापनि नेपालमा वन बिनाश र वन क्षयीकरण हुनुमा अनियन्त्रित वन वन डढेलोलाई एक प्रमुख कारणको रुपमा लिइएको छ ।

जलवायु परिवर्तन र वन डढेलो बीचको दुश्चक्रिय अन्तरसम्बन्धले समस्या अझ जटिल बन्नुका साथै वन डढेलोका घटनाहरु समेत वृद्धि हुँदै आएको छ । यसबाट मानवीय, सामाजिक, आर्थिक, जैविक विविधता एवं वातावरणमा क्षती पनि बढ्दै गएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, अनुसार सन् २००८ देखि सन् २०२१ सम्म वन वन डढेलोका ३४,७२५ घटनाहरु घटेका छन् । १४ वर्षसम्म संकलन गरिएको वन डढेलोका घटनाहरुमध्ये सन् २०१६ मा सबैभन्दा बढी ७,७६७ र सन् २०१५ मा सबै भन्दा कम ७०६ वटा घटनाहरु घटेको पाईयो।एक तथ्यांङ्क अनुसार सन् २००५ देखि सन् २०२१ सम्म वन वन डढेलोको घटनामा परी ११६ जनाले ज्यान गुमाएका थिए। सोमध्ये सबैभन्दा बढी सन् २००९ मा ४९ जनाले ज्यान गुमाएका थिए। यसै गरी सोही अवधिमा ९८ जना घाईते भएका थिए जसमा सन् २०१० मा सबैभन्दा बढी ३६ जना घाईते भएका थिए। साथै, ९६४ वटा घर जलेर नष्ट भएको उल्लेख छ । समग्रमा मानिसहरुको जानाजानीबाट ६४ प्रतिशत र लापरवाही, दुर्घटनाबाट ३२ प्रतिशत र अन्य कारणबाट ०४ प्रतिशत वन डढेलो लाग्ने गरेको तथ्यांङ्क छ ।

हरेक बर्ष विपद्को रुपमा देखिंदै आएको वन वन डढेलोको प्रकोप यस बर्ष झनै बढने प्रारम्भिक आँकलन गर्न सकिन्छ । गत बर्षहरुको तुलनामा प्रि मन्सुन, मनसुन तथा पोष्ट मनसुन लगायत समग्रमा हिउँदे बर्षा कम हुनु बिगतका बर्षहरुको तुलनामा जाडो मौसमको औसत तापक्रम बढनु जसका कारण वातावरणमा आद्रता कम हुनुले वन डढेलोको लागि अनुकुल वातावरण बन्न सक्ने जोखिम बढको छ ।

वन डढेलो लागिरहेको अवस्थामा गर्ने कार्य अत्यन्त कठिन तथा जोखिमपुर्ण भएकोले वन डढेलो लाग्न नदिनु सब भन्दा उत्तम व्यवस्थापन हो। तसर्थ यो कार्ययोजना यहि अवधारणामा तयार गरिएको छ । वन वन डढेलोको यसै जोखिमलाई आधारमानी वन डढेलो ब्यवस्थापन कार्ययोजना तयार गरिएको छ।

**मूख्य उदेश्य**

- डिभिजन वन कार्यालयका कर्मचारी, समुदायमा आधारित वन व्यवस्थापन पद्धतिमा आवद्ध युवा तथा नेतृत्वलाई जनचेतना र एकिकृत जनशक्ती परिचालन गर्ने ।
- वन डढेलो व्यवस्थापनका लागि आवश्यक श्रोत व्यवस्थापन गर्न विकास साझेदार निकाय, सम्वन्धित सरकारी निकाय, प्रदेश सरकार र स्थानीय तहवाट एकिकृत व्यवस्थापन गर्ने।
- वन वन डढेलोको पूर्व सूचना स्थानीय समुदाय तथा वन कार्यालयमा पुर्याउने संयन्त्र विकास गर्ने।

- सावधानीका लागि प्रचार प्रसार तथा पूर्व तयारीका उपायहरु अवलम्बन गर्ने ।
- जिल्ला वन सुरक्षा समिति मार्फत सुरक्षा व्यवस्थाका सबै उपायहरु अपनाउने ।

कार्ययोजना

| सि. नं. | कार्यक्रमको विवरण | जिम्मेबार निकाय | कहिले गर्ने | कसरी गर्ने |
|---|---|---|---|---|
| क समन्वय तथा सहकार्य . | | | | |
| १. | वन डढेलो नियन्त्रण सप्ताह | डिभिजन वन कार्यालय<br>सव डिभिजन वन कार्यालयहरु<br>सामुदायिक वन उपभोक्ता समुहहरु | बैशाख पहिलो हप्ता | सरोकारवालाहरुको समन्वयमा |
| २. | सुरक्षा निकाय सँग जिल्ला स्तरीय वन डढेलो समन्वय वैठक | डिभिजन वन कार्यालय | चैत्र महिना भित्र | सुरक्षा निकायहरु सँगको समन्वयमा |
| ३. | सब डिभिजनस्तरीय वन डढेलो समन्व वैठक | सम्वन्धित सब डिभिजन कार्यालय | चैत्र महिना भित्र | सरोकारवालाहरुको समन्वयमा |
| ४. | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतका निकायहरुसँग निरन्तर समन्वय | डिभिजन वन कार्यालय<br>सव डिभिजन वन कार्यालयहरु | निरन्तर | समन्व वैठकहरु आयोजना गरेर |
| ५. | वन डढेलो नियन्त्रणसम्वन्धी जनचेतना मूलक सन्देशहरुको प्रकाशन तथा प्रशारण | डिभिजन वन कार्यालय | निरन्तर | रेडियो, टिभि, एफ एम बाट<br>होडिङ्ग बोर्ड |
| ६. | स्थानीय तह मा रहेका वारुणयन्त्रहरु प्रयोगका लागी आवश्यक समन्वय | डिभिजन वन कार्यालय<br>सव डिभिजन वन कार्यालयहरु<br>सामुदायिक वन उपभोक्ता समुहहरु | निरन्तर | समन्व वैठकहरु आयोजना गरेर<br>पत्राचार |

| सि. नं. | कार्यक्रमको विवरण | जिम्मेबार निकाय | कहिले गर्ने | कसरी गर्ने |
|---|---|---|---|---|
| ख .जनशक्ति परिचालन तथा व्यवस्थापन | | | | |
| १. | वन डढेलो नियन्त्रणमा खटीने दक्ष जनशक्ती परिचालन | डिभिजन वन कार्यालय<br>सव डिभिजन वन कार्यालयहरु<br>सामुदायिक वन उपभोक्ता समुहहरु | चैत्र<br>बैशाख | हरेक वन वन डढेलोको संवेदनशिल सामुदायिक वन पहिचान गरी उक्त युवाहरुलाई सब डिभिजन वन कार्यालयको प्राविधिक_टोलीवाट अभिमुखीकरण गराई GROUP Message जाने गरी तयारी अवस्थामा राखे । वृद्ध, महिला तथा वालवालिकाको प्रयोग नगर्ने । |
| २. | वन क्षेत्रमा रहेका Burning materials हरु हटाउने / फायरलाइन सफाइ मर्मत सुधारका कामहरु गर्ने | सव डिभिजन वन कार्यालयहरु<br>सामुदायिक वन उपभोक्ता समुहहरु | चैत्र महिना भित्र | सरोकारवालाहरुको समन्वयमा<br>समुदाय तथा समुहको कोष परिचान गर्ने |
| ३. | वन डढेलो नियन्त्रणमा खटीने जनशक्तीलाई खाजा पानीको व्यवस्थापन | सव डिभिजन वन कार्यालयहरु<br>सामुदायिक वन उपभोक्ता समुहहरु | निरन्तर | कार्यालयले खाजा व्यवस्था गर्ने ।रोटरी तथा लायन्स क्लवसंग समेत समन्वय गर्ने |
| ४. | वन डढेलो नियन्त्रणमा प्रयोग हुने उपकरण तथा औजार वितरण गर्ने | डिभिजन वन कार्यालय | चैत्र | वन वन डढेलोको संवेदनशिल वन पहिचान गरी आवश्यकताको आधारमा वन समुहलाई सव डिभिजन वन कार्यालयहरु बाट औजार वितरण गर्ने |
| ५. | वन वन डढेलोबाट भएको क्षेती र विवरण तयारी गर्ने | डिभिजन वन कार्यालय | चैत्र | सव डिभिजन वन कार्यालयहरुले वन वन डढेलोबाट भएको क्षँती र विवरण Google drive बाटै अपडेट गर्ने |

## ९ तातो हावाको लहर (लू) पूर्वतयारी तथा प्रतिकार्य योजना

नेपालका प्रायजसो तराईका जिल्लाहरुको तामक्रम गर्मी याममा अति उच्च तहमा हुने गरेको छ ।यसमा पनि बाँके जिल्ला नेपालको सबैभन्दा बढी गर्मी हुने जिल्लाको रुपमा रहेको छ। तातो हावाको लहर अर्थात लू नेपालको सन्दर्भमा अन्य विपद्का परिघटनाहरुसँग तुलना गरिएको छैन र यसको प्रभाव अन्य विपद्हरु जस्तै आगलागी, बाढी पहिरो, भूकम्प जस्तो प्रत्यक्ष आखाँले देख्न सकिने गरी भौतिक रुपमा नदेखिएको वा हामीले यसलाई प्राथमिकतामा नराखेकोले यसतर्फ अध्ययन हुन सकेको छैन । तर यसको प्रभाव आम समुदाय त्यसमा पनि न्यून आयश्रोत भएका, खुल्ला आकाशमा काम गर्ने मजदुर वर्ग, रिक्सा तथा ठेला चालक, विद्यालयमा अध्ययनरत बालवालिका, जेष्ठ नागरिक, टिनको छाना भएको घरमा बस्ने बासिन्दाहरु आदि उच्च जोखिममा रहेको समूह हो र उनिहरु तातो हावाको लहरबाट उत्पन्न हुने विभिन्न समस्याहरुबाट ग्रसित भैरहेका छन् ।

जलवायु परिवर्तनको असरका कारण विश्वब्यापी रुपमा तापक्रममा भैरहेको बृद्धि एवं बढ्दो सहरीकरण र घट्दो हरियाली पनि सहरी तापमान बृद्धिमा सहायक सिद्ध भएका छन्।यसको लागि सरोकारवाला सबैले समयमै पूर्वतयारी तथा लू को अवस्थामा गर्नुपर्ने प्रतिकार्यका गतिबिधिहरु गर्न सकेनौं भने केहि वर्ष पछि गरिव परिवार सहरमा बस्न नसक्ने अवस्था पनि सृजना हुनसक्छ । एक अध्ययका अनुसार यदि समयमै पूर्वतयारीका गतिबिधिहरु गर्न सकिएन भने सन् २१०० सम्ममा दक्षिण एसिया प्रशान्तका अधिकांश सहरहरु मानिस बस्न लायक नहुने तथ्य सार्वजनिक गरेको छ । गृह मन्त्रालयको तथ्यांक अनुसार पनि सन् २००२ देखि २०10 सम्मा जम्मा २५ पटक तातो हावाको लहरको प्रभाव रहेको अभिलेख उपलब्ध छ र त्यसमध्ये पनि सन् २००९ र २०10 मा सबैभन्दा बढी मापन गरिएको छ । जसका कारण २५ जनाको ज्यान गएको तथ्याक उपलब्ध छ ।

कार्ययोजना

| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | जल तथा मौसम विभागबाट लू सम्बन्धी जारी हुने सूचना पालिकासम्म प्रवाह हुने व्यवस्था गर्ने | जल तथा मौसम विभाग | नेपाल टेलिकम |
| २ | लू को अबस्था, त्यसबाट हुने प्रभाव र बच्ने उपायका सम्बन्धमा स्थानीयस्तरमा विपद संबाद गर्ने | स्थानीय तह | संचार माध्यम |
| ३ | लू बाट बच्ने उपाय सम्बन्धी स्थानीय भाषामा प्रचारप्रसार गर्ने (पर्चा, पम्पलेट, माइकिङ्ग,SMS, | स्थानीय तह | सञ्चारगृह रेडियो, टेलिभिजन, |
| ४ | शहरी क्षेत्रका विभिन्न स्थानमा हेल्थ डेस्क सहित पाल, टेण्ट राख्ने र पानी, जीवनजल, सर्वत वितरणको व्यवस्था मिलाउने | सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य कार्यालय | निजी क्षेत्र, सहयोगी संस्था |
| ५ | लू बाट कुनै घटना भएको अवस्थाबारे जानकारी हुने वित्तिकै | स्थानीय तह, स्वास्थ्य कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| | औषधि स्वाथ्यकर्मी सहितको टोली परिचालन गर्ने गरी सम्बन्धित स्थानीय तहमा एक्सन टिम तयारी गर्ने | | |
| ६ | लू को अवस्था हेरी शैक्षिक संस्थाहरुको पठनपाठनको समय निर्धारण गर्ने वा शैक्षिक संस्था बन्द गर्ने | जिल्ला शिक्षा तथा समन्वय इकाई, स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति |
| ७ | लू को अबस्था हेरी हाट बजार, मेला महोत्सव लगायत भिडभाडजन्य क्रियाकलाप निरुत्साहित गर्ने | स्थानीय तह र जिल्ला सुरक्षा समिति | जिल्ला विपद् व्यवस्थापन समिति |
| ८ | सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुले कार्यस्थलमा सेवाग्राहीहरुलाई शीतल प्रतिक्षालय, चिसो पानी, पंखा लगायत सुविधा उपलब्ध गराउने | सेवा प्रवाह गर्ने सम्बन्धित निकाय | जिल्ला विपद् व्यवस्थापन समिति |
| ९ | विद्युत आपूर्तिलाई नियमित गराउने | नेपाल विद्युत प्राधिकरण | जिल्ला प्रशासन कार्यालय |
| १० | श्रमीक तथा दैनिक ज्यालादारहरुको काम गर्ने समय विहान बेलुका मिलाउने | कलकारखाना | जिल्ला प्रशासन कार्यालय |
| ११ | तातो हावा तथा लूबाट अधिक प्रभावित हुने श्रमिक,दैनिक मजदुरको स्वास्थ्य विमा गर्ने | औद्योगिक प्रतिष्ठान | जिल्ला विपद् व्यवस्थापन समिति |
| १२ | लक्षित बर्ग तथा श्रमिक चहलपहल स्थानहरुमा चिसो पानी, सर्वत वितरण गर्ने | निजि क्षेत्र, संघसंस्था , स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति |
| १३ | शहर तथा बसोबास क्षेत्रको तापक्रम कम गर्ने उपायहरु जस्तै फससिलीङ्ग, भेन्टीलेसनको अधिक प्रयोग,जस्तापातामा सेतो पेन्ट गर्न कार्यलाई प्राथमिकता दिने | घरधनी,स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति |
| १४ | सार्वजनीक स्थल तथा कार्यालयहरुमा शितलकक्षको व्यवस्थापन गर्ने | निजी क्षेत्र,सम्वन्धित कार्यालय | जिल्ला प्रशासन कार्यालय |

| | | | |
|---|---|---|---|
| १५ | बृक्षारोपन कार्यलाई बढाउने, एक घर एक रुख अभियान सञ्चालन गर्ने | स्थानीय तह, निजि क्षेत्र, सघसस्था | जिल्ला विपद् व्यवस्थापन समिति |

## १०: समन्वय तथा जिम्मेवारी

- जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए वमोजिमका क्षेत्रगत अगुवा सवैले कार्ययोजना तयार पारी आगलागी, डडेलो,लू पुर्वतयारी तथा प्रतिकार्यमा तयार रहने,
- आगलागी, तातो हावा (लू) तथा वन डढेलो प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा संकटासन्न समूह (बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिला) भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धार गरी जिवन बचाउनु,
- आगलागी, तातो हावा (लू) तथा वन डढेलो प्रभावबाट सुरक्षित राख्ने उपायहरुको बारेमा स्थानीय विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाइ जोखिम न्यूनिकारण गर्नको लागी अनुरोध गर्ने
- विपद्को समयमा संघिय सरकार,प्रदेश सरकार, स्थानीय तह,दातृ निकाय, सबै विषयगत क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजविच समन्वय कायम गर्ने
- नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्नु र पृष्ठपोषण दिनु, आगलागी, तातो हावा (लू) तथा वन डढेलो बाट प्रभावित हुन सक्ने क्षेत्र,गाउँ,टोल, परिवारहरुको पहिचान गरी राहत तथा सहयोगको लागि जिल्ला अगुवा सहयोगी निकाय DLSA को समन्वयमा सबै सरोकारवाला निकायहरु लाई विशेष गरेर चीसो पानी, सर्वत, जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा रहन र राख्न लगाउने,
- आगलागी, तातो हावा (लू) तथा वन डढेलो बाट हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने
- सचेतनात्मक सन्देशमूलक सूचना एव जानकारी स्थानीय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानीय गैरसरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

## ११: आगलागी, तातो हावा (लू) तथा वन डढेलो परिचालन हुनसक्ने जनशक्ती

| क्र.सं. | निकाय | परिचालन हुनसक्ने जनशक्ति | स्वास्थ्य कर्मी |
|---|---|---|---|
| १ | नेपाली सेना, बज्रदल गण | ५०० | १० |
| २ | नेपाल प्रहरी | ७०० | ५ |
| ३ | शसस्त्र प्रहरी बल, ३० नं.गण | ४०० | ५ |
| ४ | डिभिजन बन कार्यालय | ३०० | |
| ५ | नेपाल रेडक्रस सोसाइटी | १५० | – |
| ६ | नेपालगँज उपमहानगरपालिका | १५० | ७० |
| ७ | कोहलपुर नगरपालिका | १०० | ५० |
| ८ | खजुरा गाउँपालिका | ५० | ३० |
| ९ | जानकी गाउँपालिका | ५० | ३० |
| १० | बैजनाथ गाउँपालिका | ५० | ३० |
| ११ | राप्तीसोनारी गाउँपालिका | ५० | ३० |

| | | | |
|---|---|---|---|
| १२ | नरैनापुर गाउँपालिका | ५० | ३० |
| १३ | डुडुवा गाउँपालिका | ५० | ३० |
| १४ | नेपालगज मेडीकल कलेज | – | ५० |
| १५ | जिल्लाका निजि अस्पतालहरु | – | १०० |

## १२: आपतकालीन विपद् कोषबाट उपलब्ध गराउन सक्ने राहत सामाग्री र कोषको अवस्था

| क्र.सं. | निकाय | कम्बल | त्रिपाल | कपडा |
|---|---|---|---|---|
| १ | जिल्ला विपद् व्यवस्थापन समिति | २०० | १५० | - |
| २ | नेपाल रेडक्रस सोसाइटी | १०० | १०० | - |
| ३ | नेपालगँज उपमहानगरपालिका | ५० | ५० | - |
| ४ | कोहलपुर नगरपालिका | ५० | - | - |
| ५ | खजुरा गाउँपालिका | - | - | - |
| ६ | जानकी गाउँपालिका | ३०० | - | - |
| ७ | बैजनाथ गाउँपालिका | - | - | - |
| ८ | राप्तीसोनारी गाउँपालिका | - | - | - |
| ९ | नरैनापुर गाउँपालिका | - | - | - |
| १० | डुडुवा गाउँपालिका | - | - | - |
| ११ | युनिसेफ | ५०० | ५०० | ५०० |
| १२ | सेभ द चिल्ड्रेन | ५०० | ५०० | ४०० |
| १३ | कियर नेपाल÷बि ग्रुप | | १०० | - |
| १४ | एक्सन एड | ३०० | | |
| १५ | बाँके युनेस्को | १०० | | |

## १३. निकायगत भूमिका तथा जिम्मेवारी

| क्र.सं. | निकाय | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने (आवश्यकता अनुसार सँघ तथा प्रदेशस्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय) |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | • समन्वयात्मक कार्यमा सहयोग गर्ने (स्रोतः आर्थिक, भौतिक, मानविय) परिचालन तथा समन्वय गर्ने । |
| ३ | स्थानीय तह हरु | प्रमुख/अध्यक्ष | • नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• विषयगत क्षेत्रसग समन्वय गरि राहत कार्यमा सहयोग गर्ने, |

| | | | |
|---|---|---|---|
| | | • आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय)<br>• तथ्यांक संकलन तथा ब्यवस्थापन ( स्रोत आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने, |
| ४ | सुरक्षा निकायहरु | प्रमुख | • सुरक्षा व्यवस्था गर्ने,<br>• विषयगत क्षेत्रहरुलाई सहयोग गर्ने, |
| ५ | राजनीतिक दलहरु | दलका प्रमुखहरू (अध्यक्ष तथा सभापति) | • समन्वय,<br>• स्रोत संकलनमा सहयोग (जनपरिचालन गर्ने)<br>• स्रोत संकलनमा सहयोग (जनपरिचालन गर्ने) |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • गैह्रखाद्य राहत सामाग्री तथा अस्थाई आवास ब्यवस्थापनमा सहयोग,<br>• आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic)व्यवस्थापनमा सहयोग गर्ने |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय | स्रोत केन्द्र प्रमुख | • राष्ट्रिय अन्तराष्ट्रियगैरसरकारी संघ÷संस्था तथा सरोकारवालासंग समन्वय र सहकार्य गर्ने,<br>• DDMC, DEOC सँग समन्वय गरि आर्थिक तथा प्राविधिक सहयोग गर्ने । |
| ८ | उद्योग वाणिज्य सँघ | अध्यक्ष | • चिसो पानी, शितलस्थलको व्यवस्था र सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने,<br>• आवश्यक्तानुसार तयारी खाद्यान्न सहयोग |
| ९ | यातायात व्यवसायी संघ तथा प्रा.लि.हरु | अध्यक्ष | • मानवस्रोत परिचालन गर्ने,<br>. स्रोत संकलनमा सहयोग गर्ने |
| १० | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | . सत्यतथ्य समाचार सम्प्रेशण गर्ने<br>. सूचना सम्प्रेशन गर्ने |
| ११ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | • मानवस्रोत परिचालन गर्ने,<br>• स्रोत संकलनमा सहयोग गर्ने<br>• गै.स.स. वीच समन्वय,<br>• क्षमता विकास तथा सहजिकरण कार्य गन |
| १२ | नागरिक समाज | संयोजक | • राहत कार्यमा सहयोग तथा समन्वय, |

| | | | |
|---|---|---|---|
| | | | • मानव अधिकारको संरक्षण तथा सम्वद्र्धनमा सहयोग, |
| १३ | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र | सूचना व्यवस्थापन अधिकृत | • सूचना संकलन, समन्वय, संप्रेशन,<br>• तथ्यांक ब्यवस्थापन, श्रोत नक्शांकन र कार्ययोजना तयारीमा सहयोग, |

## १४. चटयाङको जोखिमबाट जोगिने उपाय

चैत्र, वैशाख, जेठ र असार महिनामा चटयाङ सम्वन्धी घटना वढी देखा पर्ने गर्दछन। मध्य कार्तिक देखी मध्य पुस महिनासम्म यसको जोखिम न्यून रहेको देखिन्छ।मुख्यतजेठ र असाढ महिनामा ,वैशाख ,चैत्र : चटयाङअपरान्ह देखि साँझको वेला देखा पर्ने गरेकोछ भने साउन र भदौ महिनामा रातिको समयमा पनि पर्छ। यद्दपि चटयाङ जुनसुकै समयमा देखा पर्न सक्छ ,आकाश गर्जने हावाहुरी आउने ,विजुली चम्कने , कालो बादलका भिमकाय ढिक्का मडारिएको देखिनु चटयाङ देखा पर्ने संकेत हो। चटयाङ देखा हुनुपुर्व गर्मि बढेको महसुस हुने तथा आकासमा सुन्दर काउलीका फुलजस्ता बादलका झोक्काहरु बढ्दै गएको र हावाको गति बढ्दै गएकोछ भने चटयाङ विकास हुदैछ भनेर बुझी सचेत रहनुपर्दछ।

**बिजुली चम्किएको ३० सेकेन्डमै गर्जनको आवाज आयो भने चटयाङ ५ किलोमिटर भन्दा नजिक छ भनि बुझ्ने र सोवाट जोगिन निम्नानुसारका उपायहरु अवलम्बन गर्नुपर्दछः**

१) सुरक्षित घरआश्रयस्थल भित्र/ गइ झ्यालढोका बन्द गरी भित्ता भन्दा , टाढा बस्नुपर्दछ। फोन, टिभी, इन्टरनेट, पंखा, धारावासि ,ङ मेसिन जस्ता तारले जोडिएका साधनहरुको विजुलीवाट तार छुटाउने। विद्युतीय सामग्री प्रयोग गरिसकेपछि र प्रयोग नभएको वेला तार छुटाएर राख्ने वानी वसाल्ने।मेघगर्जनको वेला विद्युतीय समान चलाउनुहुदैन। विद्युतीय उपकरण नजिक नवस्ने।यद्दपि सुरक्षा तथा सुचना प्रयोजका लागि आवश्यक भएमा ताररहित वस्तु (मोबाइल आदि जस्ता उपकरण) प्रयोग गर्न सकिन्छ।

२) धाराको पानी प्रयोग नगर्नेभाँडा नमाझ्ने। ,र धारामा सोझै नुहाउनु हुदैन , पोखरी, तालमा र नजिक नवस्ने। पौडी नखेल्ने। डुङ्गा चालाउनेमाछा मार्ने काम तत्काल रोक्ने। ,

३) खेतमा काम नगर्ने। पानी भएको खेतमा हुनुहुन्छ भने बिजुली चम्मेकेको देख्नासाथ बाहिर सुख्खा स्थानमा जाने घर भित्र गइ बस्ने। बढीजसो अपरान्हको समयमा चटयाङ पर्ने भएकोले सकभर गर्मीयाममा विहानको समयमा खेतमा काम गर्ने।

४) खुल्ला चौर वा खेल मैदानमा र नजिक नबस्ने। खेल नखेल्ने।

५) यदी खुल्ला स्थानवाट घरभित्र जान सम्भव नभएको खण्डमा जमिन कम छुने गरी दुवै कुर्कुच्चा जोडेर सकभर पैतलाको अगाडि भागले जमिनमा टेकेर दुई घुँडाको वीचमा टाउको राखि हातले कान थुनेर टुकरुक्क वस्ने।तर भुइमा पल्टिनु हुदैन सुत्न मिल्दैन। ,थुचुक्क बस्न मिल्दैन ,

६) भिडभाड वा समुहमा बस्नुहुदैन।

७) अग्ला वस्तु नजिक हुनुहुन्छ भने तीभन्दा कम्तिमा दुई गुणा टाढा रहने। रुखमुनिटावरजस्ता ,खम्वा , वस्तुको नजिक नबस्ने। बिजुलीका खम्वा नजिक नबस्ने।

८) पहाडको टुप्पो, खुल्ला ठाउँ, तारवार, धातुजन्य वस्तु नजिक नबस्ने।सुरक्षित स्थान नभेटिएको ) अवस्थामागुफाघना जंगलको विचमा भए अग्ला रुखभन्दा टाढा बाक्लो होचा ,खोंच ,खाडल , जस्तै सल्लाका जस्ता अग्ला )अग्ला रुखहरु (रुखहरुको झुण्डमुनी वस्न सुरक्षित मानिन्छ र आगालागि हुनसक्ने जंगल छ भने नजिकको सुरक्षित आश्रयस्थल वा सुरक्षित स्थलमा (रुखहरु वस्ने।यस्तो वेला खोलानजिक हुनुहुन्छ भने चटयाङ संगै पर्ने पानीले आकस्मिक बाढी आउनसक्ने भएकोले चनाखो भइ वस्ने

९) सवारीमा हुनुहुन्छ भने बन्द गाडीमा फलाम नछुने गरी बस्नुस्। मोटरसाइकल लगायत खुला गाडी, वा छतमाथि नबस्ने।

१०) छाता प्रयोग नगर्न'होस चंगा नउडाउनुहोस्।

११) पशु, चौपायालाई समुहमा राख्नुहुदैन र खुलाठाउँमा नछोड्न।

१२) बालबालिकालाई घर भित्र आफुसंगै राख्नुहोस।

१३) प्राविधिकले तोके अनुसार Surge Protector/ Lightning Arrestor/Earthling जडान गरेर अनिवार्य राख्नु पर्दछ।विद्युतीय सामग्रीहरु गुणस्तरीय प्रयोग गर्नुपर्दछ।

१४) चटयाङरुपी विद्युतले आफुलाई प्रहार गर्न लाग्यो भनेर महसुस हुँनासाथ प्राथमिक उपचारका उपाय अवलम्वन गर्ने।

# अनुसुची १

## वन वन डढेलोबाट भएको क्षेती र विवरण रिपोटिङ्ग गर्ने फारम

डिभिजन वन कार्यालय बाँके

वन डढेलो सम्बन्धि दैनिक विवरण भर्ने फर्मेट

| सि.नं. | मिति | सव-डिभिजन वन कार्यालयको नाम | वन डढेलोको विवरण | | | | | वन डढेलो नियन्त्रण गर्न अपनाईएको विधि तथा प्रयासहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | वन डढेलो लागेको वनक्षेत्रको नाम र ठेगाना | वन डढेलो लागेको अवधि | वन डढेलो प्रभावित वनको क्षेत्रफल (हे.) | वन डढेलोको किसिम (Surface, Ground, Crown) | वनको किसिम (मुख्य जात) | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसुची २

## वन डढेलो नियन्त्रणमा प्रयोग हुने उपकरण तथा औजारको मौज्दात विवरण

| SN | fire fighting tools | Unit | Rajha SDFO | Kohalpur SDFO | Shamshergunj SDFO | Rapti SDFO | Sikta SDFO | Narainapur SDFO | DFO Nepalgunj |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Quantity | Quantity | Quantity | Quantity | Quantity | Quantity | Quantity |
| 1 | Back Pack fire extinguisher sprayer | Set | 2 | 2 | 2 | 2 | 2 | 2 | 2 |
| 2 | Swatter | Piece | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |
| 3 | Rake with iron handle | Piece | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |
| 4 | Rake hoe with iron handle | Piece | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |
| 5 | Cotton jump suit | Piece | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |
| 6 | Full black leather boot | Pair | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |
| 7 | Safety helmate | Piece | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |
| 8 | Simple cap mask | Piece | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |
| 9 | Gloves | Pair | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |
| 10 | Socks | Pair | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |

## अनुसुची ३

## बाँके जिल्ला स्थित एम्बुलेन्स सेवाको विवरण

| सि.नं. | संस्थाको नाम | ठेगाना | चालक | |
|---|---|---|---|---|
| | | | नाम | सम्पर्क नं |
| १ | नेपाल रेडक्रस सोसाइटी बाँके | नेपालगंज | विरेन्द्र योगी | ९८४८०४४४९४ |
| २ | ग्रामिण विकास मन्च नेपाल | नेपालगन्ज | सुरेश बाल्मीकी | ९८४८०४६५९१ |
| ३ | भेरी अस्पताल (सवबाहन समेत) | नेपालगन्ज | राम कुमार चौधरी | ९८५८०८०३६५ |
| ४ | नेपालगन्ज हेल्थ क्याम्पस | नेपालगन्ज | रज्जव अली अन्सारी | ९८४८०३१३१९ |
| ५ | नेपाल परोपकार फाउण्डेशन | नेपालगन्ज | अजय वाल्मिकी | ९८४८०१२४३७ |
| ६ | विशेषज्ञ बाल अस्पताल प्रा. लि. | नेपालगन्ज | झल्लु चमार | ९८१४५०७१३६ |
| ७ | एभरेष्ट हेल्थ कियर नेपालगंज | नेपालगन्ज | आरिफ खान | ९८४८२९७९३७ |
| ८ | लता केयर | नेपालगन्ज | तेज नारायण डाँगी | ९८०२५२३२५६ |
| ९ | लायन्स क्लव अफ नेपालगन्ज | नेपालगन्ज | पप्पुसिह बाढीया | ९८४४८०१६८१ |
| १० | लियो क्लब नेपालगन्ज | नेपालगन्ज | सोनु धपाली | ९८६४९७१३५० |
| ११ | लियो क्लब नेपालगन्ज | नेपालगन्ज | राजिवकुमार गुप्ता | ९८४८०२२२४८ |
| १२ | वेष्टर्न हस्पिटल प्रा.लि. | नेपालगन्ज | ओम थापा | ९८४८०७१९३१ |
| १३ | कान्ती आरोग्य हस्पिटल प्राली | नेपालगँज | करण वली | ९८४११८६०५५ |
| १४ | संजीवनी डाइग्नोस्टिक सेन्टर | नेपालगन्ज | इश्वर चौधरी | ९७६६६५९१६२ |
| १५ | सुनगाभा स्वास्थ्य सहकारी संस्था, कोअपरेटिभ | नेपालगन्ज | कमल सिह क्षेत्री | ९८४८२९८२९३ |
| १६ | नेपालगँज मेडिकल कलेज | नेपालगंज | जग्गु सिंह | ९८४८०२७२८३ |
| १७ | हेल्थ कियर अस्पताल | नेपालगन्ज | मनिस चौधरी | ९८४५५७६८११ |
| १८ | साइनिङ अस्पताल(आइएनएफ) | नेपालगन्ज | आशिष रानामगर | ९८४८१७४२३८ |
| १९ | न्यू भिजन नेपाल | नेपालगन्ज | कमल वाल्मीकी | ९८४८०४६५९० |
| २० | नेपालगंज सामाजिक स्वास्थ्य सुरक्षा विकास केन्द्र | नेपालगन्ज | रुपेश श्रेष्ठ | ९८२२४४२१०० |
| २१ | स्माइल फाउन्डेसन | नेपालगन्ज | जानअलि नाऊ | ९८४४८८८६३३ |
| २२ | मधेशी मूस्लीम मञ्च नेपाल | नेपालगन्ज | नन्दराम पुन मगर | ९८५८०२८१८० |
| २३ | नेपालगञ्ज उद्योग बाणिज्य संघ | नेपालगन्ज | दिपेश कुमार थारु | ९८५८०३२३६५ |
| २४ | सामुदायिक सवलीकरण तथा विकास मञ्च सुर्खेत | नेपालगन्ज | रुखमान मिया | ९७६५८४६५२९ |
| २५ | नेपाल रेडक्रस सोसाइटी कोहलपुर उपशाखा | कोहलपुर | खेमराज पुरी | ९८४८०८५२९५ |
| २६ | नेपाल रेडक्रस सोसाइटी कोहलपुर उपशाखा | कोहलपुर | मनोज वोगटी | ९८४८०८५२९६ |
| २७ | कौशिल्या मेमोरियल अस्पताल, हवलदारपुर | हवलदारपुर | इर्सार्द जसगण | ९८४८०८०१३२ |
| २८ | कौशिल्या मेमोरियल अस्पताल, हवलदारपुर | हवलदारपुर | महाविर वि.क. | ९८५८०८०१३२ |

| सि.नं. | संस्थाको नाम | ठेगाना | चालाक | |
|---|---|---|---|---|
| | | | नाम | सम्पर्क नं |
| २९ | कौसिल्याा अस्पताल | कोहलपुर | सिताराम खड्का | ९८५८०८९९९१ |
| ३० | वयलफियर फाउन्डेसन | कोहलपुर | सन्तोष भुषाल | ९८४८०२९०९० |
| ३१ | सृजनशिल सहकारी | कोहलपुर | पदम बहादुर क्षेत्री | ९८५८०७२१७२ |
| ३२ | प्रतिवोध एफएम | कोहलपुर | रेशम सुनार | ९८४५५५८८२८ |
| ३३ | कोहलपुर नगरपालिका | कोहलपुर | कृष्ण राणा | ९८६८९५३२२५ |
| ३४ | सामुदायिक सेवा केन्द्र कोहलपुर | कोहलपुर | बलबहादुर वि.सी. | ९८५८०२३१५५ |
| ३५ | संरक्षण स्वास्थ्य सेवा संघ | कोहलपुर | दिपेश श्रेष्ठ | ९८५८०२०३२४ |
| ३६ | ऐंचोपैंचो सहकारी | कोहलपुर | विक्रम पौडेल | ९७६९४२८१८० |
| ३७ | चिसापानी स्वास्थ्य चौकी | बैजनाथ | चन्द्र बहादुर बुढा | ९७४६९२१०११ |
| ३८ | टिटहरिया स्वास्थ्य चौकी | बैजनाथ | निरज चौधरी | ९८१२४५०५१३ |
| ३९ | नौवस्ता स्वास्थ्य चौकी | बैजनाथ | चेतन सुनार | ९८७७९११३८३ |
| ४० | खजुरा गाँउपालिका | खजुरा | भुवनेश्वर थारु | ९८४८२५९१६१ |
| ४१ | सुशिल कोइराला क्यान्सर अस्पताल खजुरा | खजुरा | प्रेम अधिकारी | ९८४८०९०१७६ |
| ४२ | नेपाल भू. पू. सैनिक एकाई संघ खजुरा | खजुरा बांके | ठेक वहादुर आले | ९८४८२३६२९७ |
| ४३ | नेपाल रेडक्रस सोसाइटी | खजुरा | बव्लु शेख | ९८१९५८३३६८ |
| ४४ | महिला तथा बालवालिका विकास समाज रनियापुर | खजुरा | साकीर अलि | ९८१२४६५४२८ |
| ४५ | लायन्स क्लव खजुरा | खजुरा | समिर अन्सारी | ९८६८०७९६८६ |
| ४६ | नेपाल रेडक्रस सोसाइटी सोनारी उपशाखा | राप्तीसोनारी | शकर परियार | ९७६८४६१४९२ |
| ४७ | नेपाल रेडक्रस सोसाइटी कचनापुर उपशाखा | राप्तीसोनारी | जगे सिजाली | ९८४८२८४३६ |
| ४८ | फत्तेपुर स्वास्थ्य चौकी, फत्तेपुर | राप्तीसोनारी | सूर्यकुमार दिक्षित | ९८६८०५५४१६ |
| ४९ | स्वता पोलीक्लीनिक बैजापुर | राप्तीसोनार | उमेश वली | ९८६०९२९८७२ |
| ५० | राप्तीसोनारी अस्पताल | राप्तीसोनारी | लोक बहादुर थारु | ९८४०४१०२९२ |
| ५१ | बिनौना स्वास्थ्य चौकी | राप्तीसोनार | मनोजकुमार थारू | ९८४८०१९७४३ |
| ५२ | राप्तीसोनानी गाँउपालिका | राप्तीसोनारी | चन्द्र प्रकाश चौधरी | ९८४२३५९११९ |
| ५३ | गंगापुर स्वास्थ्य चौकी | नरैनापुर | सद्धाव खान | ९८६६९४५४५८ |
| ५४ | नरैनापुर गाँउपालिका | नरैनापुर | रन्जीत खान | ९८६६२३७५६० |
| ५५ | प्राथमिक स्वास्थ्य केन्द्र नरैनापुर | नरैनापुर | निशाद खान | ९८४६४१८८२६ |
| ५६ | डुडुवा गाँउपालिका | डुडुवा | पप्पु लोहार | ९८५८०७४५७६ |
| ५७ | शोसल फाउन्डेसन बनकटी | डुडुवा | असतर खान | ९८६८००११२३ |
| ५८ | जानकी गाँउपालिका | जानकी | राम कुमार पाठक | ९८५८०४३१५८ |

## अनुसुची ४

## जिल्लामा रहेका बारूणयन्त्र विवरण

| क्र.स. | दमकल संचालन गर्ने निकाय | दमकल नम्बर | दमकल संख्या | दमकल रहेको कार्यालयको नं. | दमकल चालकको नाम | चालकको ब्यक्तिगत नं | दमकल ईन्चार्जको नाम नं |
|---|---|---|---|---|---|---|---|
| १ | नेपालगंज उ.म.न.पा. | भे.१ क ४४६, भे.१ ज १५५, बा.१ ग ३६३१ | ३ | ०८१—५३८१११ | आयान सिंह सरदार | ९८६८२१५२६२ ९८४८१०१८१३ ९८४८०२३१६६ | वारुणयन्त्र इन्चार्ज झईन ब. खड्का ९८४५१४७४०७ |
| २ | नेपालगंज विमान स्थल, राँझा | | २ | | प्रेम बहादुर कोरी | ९८५१०७१५१० ९८४३९२९१४० | दिनेश कुमार मण्डल ९८४८०४४१८१ |
| ३ | आयल निगम राँझा | | १ | ०८१—५६५०६३ | अकिल अहमद | ९८५१०७१५१० | दुर्गा पठाई का.प्रमुख ९८५८०२३२१९ |
| ४ | कोहपुर न.पा. | भे.१ ग ७५३ | १ | ०८१—५६५२०५ | सुजन कु.दाहाल | ९८४३९२९१४० | वीरबहादुर थापा ९८५८०९००३५ |
| ५ | नरैनापुर गा.पा. | भे.१ ज १५१ | १ | ०८१—५६५२६३ | जंग पुर्कुटी | ९८५८०३१०७१ ९८६३१६१८४४ | LEOC बच्छराज विश्वकर्मा ९८५८०३१०७२ |